हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः २ | मितिः २०७७।०३।३१

## भाग- २

# हेटौंडा उपमहानगरपालिका उद्योग व्यवसाय दर्ता सम्बन्धी ऐन,२०७७

**प्रस्तावनाः-**

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यवसाय दर्ता, नविकरण, पुँजी वृद्धि, स्थानान्तरण , नामसारी तथा खारजी गर्न, नियमन तथा अनुगमन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हेटौंडा उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "हेटौंडा उपमहानगरपालिका उद्योग व्यवसाय दर्ता सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,



हेटौंडा राजपत्र

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) “उपमहानगरपालिका” भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनुपर्दछ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) “कार्यालय” भन्नाले हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ। र सो शब्दले उपमहानगरपालिकाको सम्बन्धित शाखा र मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ।

(ङ) "प्रमाण पत्र" भन्नाले दर्ता प्रमाण पत्र वा अनुमती प्रमाण पत्र सम्झनु पर्दछ।

(च) “उद्योग व्यवसाय” भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरीएको फर्म वा कम्पनी सम्झनुपर्दछ।

३. **उद्योग व्यवसाय दर्ता गरी संचालन गर्नुपर्नेः** बागमती प्रदेश व्यापार व्यवसाय सम्बन्धी ऐन २०७६ को दफा २ (ट) बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र पाँच लाख रुपैया सम्म पूजीं भएको उद्योग व्यवसाय दर्ता गर्नु पर्दछ।

४. **उद्योग व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः** (१) उपमहानगरपालिका क्षेत्रभित्र दफा ३ बमोजिमको कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची–१(क) र उद्योग दर्ता गर्न चाहने व्यक्तीले अनुसूची १(ख) मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई उद्योग व्यवसाय दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम उद्योग व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको उद्योग व्यवसायको विवरण अनुसूची–२ बमोजिमको दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची–३ बमोजिमको ढाँचामा उद्योग व्यवसाय दर्ता प्रमाण पत्र उपलव्ध गराउँनु पर्नेछ ।

५. **उद्योग व्यवसायको नविकरण गर्नुपर्नेः** दफा ४ बमोजिम दर्ता भएको उद्योग व्यवसाय प्रत्येक आर्थिक बर्षको आषाढ मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ ।नविकरणको लागि अनुसुची १(ग) को ढाँचामा निवेदन दिनु पर्छ।

६. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः** (१) दफा ४ बमोजिम दर्ता भएका उद्योग व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

हेटौंडा राजपत्र

(३) व्यवसायको प्रकृति र सेवाको किसिम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्नेः**

(१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम दस्तुर लिई माग बमोजिम साझेदार थपघट गरिदिनु पर्नेछ ।

(३) **क.** एक वडामा रहेको उद्योग व्यवसाय स्वयं वडा कार्यालयको अर्को स्थानमा ठाँउसारी माग भएमा सम्बन्धित वडा कार्यालयले सो को व्यहोरा खुलाई कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

**ख.** एक वडामा रहेको उद्योग व्यवसाय अर्को वडामा ठाँउसारी गर्न परेमा ठाँउसारी गर्ने वडा कार्यालयको सम्बन्धित स्थलको सर्जमिन सहितको सिफारिस र ठाँउसारी भई जाने वडा कार्यालयको सिफारिस साथ कार्यालयमा निवेदन दिनु पर्नेछ।

**ग.** हेटौंडा उपमहानगरपालिकाबाट अन्य पालिकामा ठाँउसारी माग भएमा सो पालिकाको सम्बन्धित वडाको पत्र सहित निवेदन दिनु पर्ने यसरी निवेदन पर्न आएमा कार्यलयमा रहेको लगतलाई आवश्यक संसोधन सहित अध्यावधिक र सिफारिस गरिदिनु पर्छ।

**८. कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्नेः** (१) कुनै उद्योग व्यवसायको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण व्यवसायीले उपलब्ध गराउनु पर्दछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित उद्योग व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(३) यस ऐन बमोजिम दर्ता भएका उद्योग व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना सम्बन्धित व्यवसायीहरुले गर्नु पर्दछ।

**९. उद्योग व्यवसाय सञ्चालन र सुचिकरणः** (१) उपमहानगरपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु पर्नेछ ।प्रदेश वा संघ मातहतका कार्यालयमा दर्ता भएका उद्योग व्यवसाय उपमहानगरपालिकामा सुचिकृत भई सञ्चालन गर्नु पर्दछ।

**१०. उद्योग व्यवसाय दर्ता खारेज गर्न सकिनेः** (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजी नभएसम्म व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली वडा कार्यालयको सिफारिस सहित व्यवसायीले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क तोकिए बमोजिम असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी उद्योग व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा उपमहानगरपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ ।

**११. जरिवाना तथा थप दस्तुर लाग्नेः** (१) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा लाग्ने दस्तुरमा थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ ।

**१२. छुट तथा मिन्हा दिन सकिनेः** (१) उपमहानगरपालिका क्षेत्रमा उद्योग व्यवसाय दर्ता गर्न चाहनेलाई प्राथमिकता निर्धारित लक्षित विभिन्न समुहलाई उद्योग दर्तामा लाग्ने शुल्क छुट दिईनेछ।

**१३. प्रतिलिपि दिने सक्नेः** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी रु. दुई सय प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१४. उद्योग व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः** प्रचालित कानून बमोजिम दर्ता भएको उद्योग व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा तोकिए बमोजिम दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

**१५. उद्योग व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुनेः** (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि उद्योग व्यवसाय उपमहानगरपालिका क्षेत्रभित्र संचालन



नेपाल राजपत्र

गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई उपमहानगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा वन्द गरेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले नियमानूसार लाग्ने कर, जरिवाना र अन्य दस्तुर असुल उपर गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

१६. **दण्ड र सजाय सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा लेखिएका कुराहरु वर्खिलाप हुनेगरी कूनै कार्य गरेमा यस ऐनमा तोकिएको हकमा यसै ऐन बमोजिम र नतोकिएको हकमा प्रचलित कानून बमोजिम दण्ड र सजाय निर्धारण हुनेछ।

१७. **प्रतिवन्धात्मक व्यवस्थाः** (१) प्रस्तुत ऐन कार्यान्वयनको क्रममा प्रदेश कानून संग वाझिएमा सो हद सम्म प्रदेश कानूनको कार्यान्वयन गरिनेछ।

१८. **नियम बनाउन सकिनेः** यस ऐन कार्यान्वयनको सिलसिलमा कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र सो नियम प्रस्तुत ऐनको अंग सरह लागू हुनेछ।

१९. **अधिकार प्रत्यायोजनः** यस ऐनमा लेखिएका कूनै काम कुरा गर्न अधिकार प्राप्त अधिकारीले ऐनको कुनै दफा वा सबै आफु मातहतका कूनै अधिकारी वा कर्मचारी वा इकाइ (वडा कार्यालय समेत) मा अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

## अनुसूची–१(क)
## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेटौंडा उपमहानगरपालिका
मकवानपुर हेटौंडा
बागमती प्रदेश, नेपाल

विषयः <u>व्यवसाय दर्ता गरी पाउँ</u> ।

मैले/हामीले निम्न स्थानमा ............................................... व्यवसाय दर्ता गर्न इच्छुक भएकोले हेटौंडा उपमहानगरपालिका व्यवसाय दर्ता सम्बन्धी ऐन,२०७७ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१.व्यवसायीको नाम, थरः ..........................................................................



हेटौंडा राजपत्र

२. स्थायी ठेगानाः ...........................................................................................

३. नागरिकता नं .................................. जारी जिल्ला..................................

४. फर्म/कम्पनीको नामः .............................................................................

५. व्यवसाय रहने स्थानको ठेगानाः...................................... वडा नं.....................

फोन नं............................. इमेल...........................................................

६.व्यवसायको प्रकृतिः ................................................................................

७. कारोबार गर्ने वस्तु...................................................................................

८. लगानी (रु.) .........................

९.व्यवसाय वहालमा रहेको भए घरको घरधनीको नाम,थर.... ...............................

१०. व्यवसाय सञ्चालन हुने मिती.............................................................

निवेदक

प्रोप्राईटरको नामः

लेखात्मक सहीः

(रेखा स्पष्ट देखिने गरी सही)

| दायाँ | बायाँ |
|---|---|
| | |

**अनुसूची–१(ख)**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेटौंडा उपमहानगरपालिका
मकवानपुर हेटौंडा
बागमती प्रदेश, नेपाल

निम्नलिखित विवरण बमोजिमको उद्योग स्थापना गर्न निवेदन गरेको छु/छौं। पेश गरीएको ठीक छ।झुठा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

१) उद्योगको नामः

२) उद्योग रहने स्थानः

३) उद्योगको कानूनी रुपः निजी( ) साझेदारी ( ) प्रा.लि. ( ) पब्लिक( )

४) उद्योगको प्रकृतीः क) लघुउद्यम ( ) ख) साना उद्योग ( )

५) उद्योगबाट हुने उत्पादन/सेवाका विवरणः

क) उत्पादनमूलक उद्योग
ख) सेवामूलक उद्योग
ग) कृषि तथा बन पैदावारमा आधारित उद्योग
घ) सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

६) **पूँजी लगानीः**

<u>**स्थिर पूँजी**</u> <u>**मुल्य**</u>

जमिनः......................................................रु

मेशिन औजार (नं. ८ को जोड) .................रु

फर्निचरः....................................................रु

अन्यः........................................................रु

जम्मा स्थिर पूँजीःरु

चालू पूँजीः...............................................रु

**कुल पूँजीः..............................................रु**

७) कच्चा पदार्थको विवरणः

| क्र.सं. | कच्चा पदार्थको विवरण | वार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

८) मेशिन उपकरणः

| क्र.सं. | विवरण | संख्या प्रति एकाई | | जम्मा मूल्य | विद्युत शक्ती (कि.वा.) | स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

९) जनशक्तिः

| प्राविधिक | | अप्राविधिक | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

१०) निवेदकको पूरा <u>नाम र ठेगाना</u> <u>लिङ्ग</u> <u>बावुको नाम</u> <u>पति/बाजेको नाम</u> <u>सम्पर्क नं.</u>

१)

२)

३)

११) सम्पर्क व्यक्तीको नाम,ठेगाना र फोन नं.

१२)  उद्योगको अवस्थित(Location Map)

१३)  मितिः

निवेदकको सही

..........................

औठाको छाप

शर्तहरु

१)  प्रत्येक आ.व.को आषाढ मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।

२)  व्यवसाय गरी आएको स्थान बदल्नु परेमा उपमहानगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३)  आफूले संचालन गरेकोव्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४)  यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र सम्बन्धित निकायबाट अनुगमन को क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्दछ ।

५)  आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन ।

६)  आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।

७)  उल्लेखित शर्तनामाहरु पालना नगरेमा उपमहानगरपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

८)  प्रचलित कानूनको पालना गरेर उद्योग व्यवसाय संञ्चालन गर्नु पर्दछ।

हेटौंडा राजपत्र

**अनुसूची–१(ग)**
**(दफा ५ सँग सम्बन्धित)**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेटौंडा उपमहानगरपालिका
मकवानपुर हेटौंडा
बागमती प्रदेश, नेपाल

विषयः उद्योग व्यवसाय नबिकरण गरी पाउँ ।

उपरोक्त सम्बन्धमा निम्म बमोजिमको उद्योग व्यवसाय नबिकरण गरि पाउ भनि निवेदन गर्दछु।

१ फर्म/कम्पनीको नामः ..........................................................................

२.व्यवसायीको नाम, थरः ........................................................................

३. ठेगानाः ..................................................................................

...................

निवेदक

मिति......................

हेटौंडा राजपत्र

नेपाल राजपत्र

**अनुसूचि २**
**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

हेटौंडा उपमहानगरपालिका
मकवानपुर हेटौंडा
बागमती प्रदेश, नेपाल
**व्यवसाय (बाणिज्य) दर्ता किताव**
व्यवसायीको नाम थर, ठेगाना, व्यवसायको प्रकृति पूजी एकलौटी/साझेदारी

| क्र.सं. | दर्ता मिति | दर्ता नं. | फर्मको नाम, ठेगाना | प्रोपाईटरको नाम, ठेगाना | सम्पर्क नं. | पति/बुबाको नाम | बाजेको नाम | ना.प्र.नं.मिति र जिल्ला | फर्मको किसिम | कारोबार गर्ने मुख्य चीजको नाम | पूँजी लगानी (रु.) | राजश्व आम्दानी | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

हेटौंडा राजपत्र

## अनुसूचि २
## (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

मकवानपुर हेटौंडा

बागमती प्रदेश, नेपाल

**ब्यवसाय (उद्योग) दर्ता किताव**

व्यवसायीको नाम थर, ठेगाना, व्यवसायको प्रकृति पूजी एकलौटी/साझेदारी

| क्र. सं. | उद्योग | | उद्योगको नाम, ठेगाना | प्रोपाईटर को नाम, ठेगाना | टेलिफोन नं. | उद्देश्य | उद्योगको स्तर | | उद्योगको कानूनी रुप | | उद्योगको वर्गीकरण | | | | पूँजी लगानी (रु.) | | | वार्षिक कूल उत्पादन क्षमता | | रोजगारी | | विद्युत शक्ती | राजश्व आम्दानी | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं. | मिति | | | | | साना उद्योग | लघु उद्यम | प्राईभेट फर्म | साझेदारी फर्म | उत्पादनमूलक उद्योग | सेवामूलक उद्योग | कृषि तथा बन पैदावारमा आधारित उद्योग | सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग | स्थिर | चालु | कूल | कूल्य (रु.) | परिमाण | महिला | पुरुष | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

हेटौंडा राजपत्र

**अनुसूची ३**

**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

हेटौंडा उपमहानगरपालिका

मकवानपुर हेटौंडा

बागमती प्रदेश, नेपाल

# <u>प्राइभेट फर्म (वाणिज्य) दर्ताको प्रमाणपत्र</u>

हेटौंडा नमूना प्रमाणपत्र

प्रमाणपत्र नं दर्ता मितिः

निम्न लिखित विवरण भएको ............................................................ फर्मलाई सम्बत् ............. साल ............. महिना ............ गते .......... रोजमा व्यापारिक प्रयोजनको लागि हेटौंडा उपमहानगरपलिकाको व्यवससाय दर्ता सम्बन्धी ऐन, २०७७ बमिजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ।

<u>विवरण</u>

प्रोपाईटरको नाम, थर श्री ...........................................

प्रोपाईटरको नागरिकता प्रमाण-पत्र नं ..............................

ठेगानाः......................................

फर्मको ठेगानाः ..........................................

पूँजी रू. .......................................अक्षेरुपी .........................................................................

उद्देश्यः ..........................................................................................................................

<u>शर्तहरू</u>

१. प्रत्येक आ.व. को आषाढ मसान्तभित्र व्यवसाय नवीकरण गरी सक्नु पर्नेछ।
२. व्यवसाय गरी आएको स्थान बदल्नु परेमा उपमहानगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।
३. आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्नु परेमा बाँकी कर तिरी व्यवसाय बनद भएको जनाउपत्र लिनु पर्नेछ।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राख्नु पर्दछ र सम्बन्धित निकायबाट अनुगमनको क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्नेछ।
५. आफूले संचालन गरेको ब्यबसायमा बाल श्रमीकहरु प्रयोग गर्न पाईने छैन।
६. आफूले संचालन गरेको व्यवसायको फोहोरमैला तोकिएको

**अनुसूची ३**
**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**
हेटौंडा उपमहानगरपालिका
मकवानपुर हेटौंडा
बागमती प्रदेश, नेपाल

# प्राइभेट फर्म (उद्योग) दर्ताको प्रमाणपत्र

प्रमाणपत्र नं                                                                                    दर्ता मिति:

श्री ..............................................................................................................................................

सम्बत् ............. साल ............. महिना ............ गते .......... रोजमा हे.उ.म.न.पा. उद्योग व्यवसाय दर्ता सम्बन्धि ऐन, २०७७ बमोजिम ........................................... साना उद्योग ................. दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ।

सञ्चालकको नामः-

ठेगानाः

.......................................रहने ठेगानाः .....................................................................................

कि.नं. ................ कूल पूँजीः रू.................................... स्थिर रु.............................. चालु रु...................

उद्देश्यः ........................................................................................................................................

बार्षिक उत्पादन क्षमताः परिमाणमाः ...................................................... मूल्यमाः रु.......................................

विद्युत शक्तीः ........................................

उत्पादन वा कारोबार शुरु हुने मितिः

नोटः

सहीः..................................

पदः...................................

मितिः ............................

<u>शर्तहरू</u>

१. प्रत्येक आ.व. को आषाढ मसान्तभित्र व्यवसाय नवीकरण गरी सक्नु पर्नेछ।
२. व्यवसाय गरी आएको स्थान बदल्नु परेमा उपमहानगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।
३. आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्नु परेमा बाँकी कर तिरी व्यवसाय बनद भएको जनाउपत्र लिनु पर्नेछ।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राख्नु पर्दछ र सम्बन्धित निकायबाट अनुगमनको क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्नेछ।

५. आफूले संचालन गरेको ब्यबसायमा बाल श्रमीकहरु प्रयोग गर्न पाईने छैन।
६. आफूले संचालन गरेको व्यवसायको फोहोरमैला तोकिएको

हेटौंडा राजपत्र

**अनुसूची ३**

**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

हेटौंडा उपमहानगरपालिका

मकवानपुर हेटौंडा

बागमती प्रदेश, नेपाल

## व्यवसाय (उद्योग) दर्ता इजाजत प्रमाण-पत्र

प्रमाणपत्र नं                                                                                   दर्ता मितिः

हेटौंडा उपमहानगरपालिकाको व्यवसाय दर्ता सम्बन्धी ऐन,२०७७ बमोजिम व्यवसाय प्रमाण–पत्र जारी गरिएको छ ।

व्यवसायीको विवरणः

नाम,थरः.......................................................................................................................

बुबा/पतिको नामः............................................... बाजे/ससुराको नामः.................................................

नागरिकता नं .................... जारी जिल्ला र मिति ................................................................

ठेगानाः...........................................................................................................................

फोनः................................. ई–मेलः.............................................................................

उद्योग व्यवसाय सञ्चालन गर्ने स्थान को घरधनिको नामथर.........................................................

व्यवसायको विवरणः

| सि नं | उद्योग व्यवसायको नाम | ठेगाना | सञ्चालन मिती | दर्ता मिती | उद्योग व्यवसायको किसिम | कुल पूँजी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थिर | चालु | |
| | | | | | | | | |

सञ्चालकको दस्तखत                    फाँटवालाको दस्तखत                    प्रमाणित गर्नेको दस्तखत

शर्तहरु

१) प्रत्येक आ.व.को आषाढ मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान बदल्नु परेमा उपमहानगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) आफूले संचालन गरेकोव्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र सम्बन्धित निकायबाट अनुगमन को क्रममा हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्दछ ।

५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन ।

६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा उपमहानगरपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

८) प्रचलित कानूनको पालना गरेर उद्योग व्यवसाय संञ्चालन गर्नु पर्दछ।

**आज्ञाले**

**प्रमाणिकरण मितिः २०७७/३/३१**

**गोपाल प्रसाद वाग्ले**

**प्रमुख प्रशासकीय अधिकृत**